# नेपालको बौद्धधर्म वा परम्परामा नेपालमण्डल

**- डा. नरेशमान वज्राचार्य**
**वज्राचार्य संरक्षण गुठी, काठमाडौं**

"नेपाल" शब्दको व्युत्पत्तिको विषयमा नेपालका इतिहासकारहरुले आ–आफ्ना तर्क–विचार प्रस्तुतगरेका छन्[१] । "ने" नामका मुनिले पालन पोषण गरि बनाएको हुनाले त्यो देशको नाम "नेपाल" रहनगएको हुनसक्छ आदि तर्क देखि लिएर स्वयम्भू पुराणको आधारमा राजा धर्माकरले नियमपूर्वक पालेको (राज्यचलाएको) हुनाले त्यो देशको नाम "नेपालमण्डल" रहन गएको हो भन्ने धारणा पनि पढ्न पाइन्छ[२] । "नेपाल" शब्दको "ल" लोपभई विसर्गमा परिणत भएर नेपालबाट नेपाः बन्न पुगेको तर्क नेपालभाषाका व्याकरणविद्हरु व्यक्त गर्दछन् ।

एक प्राचिन बौद्धग्रन्थ मूलसर्वास्तिवादविनयवस्तुमा "काविलवस्तुका शाक्यहरु र श्रावस्तिका बनियाहरु उत्तरदिशातिर नैवाल मा प्रवेश गरे । केहिसमयपछि भिक्षु आनन्दले पनि नैवाल मा प्रवेशगरे" भन्ने कुरा उल्लेख भएका छन् ।[३] उपरोक्त "काविलवस्तु"ले वर्तमान "कपिलवस्तु"लाई र "नैवाल" शब्दले "नेपाल"लाई जनाउदछ ।[४] "नैवाल" शब्द र "नेपाल" एक अर्काको पूर्वरूप हुनसक्छ (नैवाल>नेवाल>नेपाल अथवा नेपाल>नेवाल) । त्यस्तै काविलवस्तु र कपिलवस्तु पनि । यहाँ "व" को ठाउँमा "प" वा "प" को ठाउँमा "व" रहन गएको छ । उल्लेखनीय कुरा यो छ की नेपालका आदिवासीहरु आफुलाई "नेपामि" र "नेवाः(मि)" भनेर चिनाउँदछन् । अरु वर्गले नेपालका आदिवासीहरुलाई "नेवार" भन्ने गर्दछन् । "नेवार" शब्दको "र" लोप भएर नेवाः बन्न पुगेको तर्क पनि देखिन्छ ॥ उपरोक्त नेपामि शब्द नेपालवाट, नेवा(मि) शब्द नैवालबाट र नेवार शब्द पनि नैवालबाट नै बन्न पुगेकोमा निःसन्देह छ । ( नैवाल>नेवाल>नेवार>नेवाः) अर्को एक प्राचिन बौद्धग्रन्थ मञ्जुश्रीमूलकल्पमा नेपालमण्डलमा लिच्छवि कुलका राजा मानवेन्द्र (सम्भवतःमानदेव) रहेको उल्लेख भएको छ ।[५] उपरोक्तग्रन्थमा स्पष्टसंग "नेपालमण्डल" शब्द नै उल्लेख भएको छ । "नेपाल" र "नेवाल"मा कुन पुरानो रूप हो त्यो मात्रै पनि अध्ययनको विषय हुनसक्छ ।

माथि उल्लेखित मूलसर्वास्तिवादविनयवस्तुले बुद्धकालीन घटनाको सन्दर्भमा "नैवाल" शब्द प्रयोग भएको छ भने, मञ्जुश्रीमूलकल्पमा नेपालमा लिच्छविकालीन घटनाको सन्दर्भमा "नेपाल" शब्द प्रयोग भएको छ । उपरोक्त दुई घटनाक्रमको आधारमा "नैवाल" शब्द "नेपाल"को पूर्वरूप हुन सक्ने अनुमान गर्न सकिन्छ ।

शोधकर्ताहरुले मूलसर्वास्तिवादविनयवस्तुको रचनाकाल ई.को दोस्रो शताब्दी पछिको हुनसक्ने अनुमान गरेको छ[६] भने मञ्जुश्रीमूलकल्पमा लिच्छवि राजा मानवेन्द्र(मानदेव) को नाउँ

---

[1] विस्तृत विवरणका लागि द्रष्टव्य ज्ञानमणि नेपाल, *नेपाल निरुक्त* (काठमाडौं,२०४०) पृ.९-१३
[2] Badri Ratna Bajracharya, *Buddhism Of Nepal* (Kathmandu, 1986) p.4
[3] Dr. Bagchi S., ed., *Mulasarvastivada Vinayavastu*, (Darbahanga, 1970), Vol. II, p. 178.
[4] Edgerton F., *Buddhist Hybrid Sanskrit Grammer and Dictionary*, (Delhi, 1953), Vol. II, p. 313
[5] Dr. Vaidya P.L., ed., Mahayanasutrasamgraha Vol. II, Manjusrimulakalpa-Rajavyakaranaparivata, (Darbahanga,1964), chapter 53, p. 485.
[6] Dr. Bagchi S., ed., *Mulasarvastivada Vinayavastu*, (Darbahanga, 1967), Vol. I, Inttoduction p. xiii.



copyright©Lotus Research Centre, 2008

उल्लेखभएबाट उक्त ग्रन्थको रचनाकाल मानदेवको समय (464 A.D-506A.D) भन्दा अगाडिको हुन नसक्ने तर पछिको नै हुन सक्ने तथ्य निर्विवाद छ । उपरोक्त दुई ग्रन्थको रचनाकालको आधारमा पनि "नैवाल" शब्द "नेपाल" शब्दको पूर्वरूप हुन सक्ने अनुमान गर्न सकिन्छ ।

"नेपालमण्डल"–"नेपालमहामण्डल" शब्द नेपालको एकमात्र बौद्ध पुराण(ग्रन्थ) स्वयम्भू पुराणमा पनि भेटिन्छ ।[७] लिच्छविकालीन अभिलेखमा पनि "नेपालमण्डल" शब्द कुंडिएको छ ।[८]

एक अर्को बौद्धग्रन्थ विचित्रकर्णिकावदानको एक अध्याय सर्वज्ञमित्रावदानमा कनकावलिक्षेत्रको निकटमा कनकवती तीर्थ(नदी) को तीरमा वस्ने ब्राम्हण रतिशर्मा "नेपाल" पसेर स्वयम्भूको दर्शन गरेर किंदोल विहार स्थापना गरेको प्रसंगमा "नेपाल" शब्दको प्रयोग भएको छ ।

नेपालको बौद्धधर्म वा परम्पराको सन्दर्भमा भन्नुपर्दा वज्राचार्यहरुले नित्य "नेपालमण्डल" शब्द उच्चारण गरिरहेको नै हुन्छ । नेपालको कुनै पनि बौद्धक्रिया(पूजा)मा "नेपालमण्डल"को उच्चारण गरिसकेपछि मात्रै कान्तीपुर वा भक्तपुर वा ललितपुर आदि सहर त्यसपछि अन्य टोलको नाम उच्चारण हुन्छ ।

यसरि पौराणिककाल, लिच्छविकाल देखि लिएर वर्तमान सम्म पनि "नेपालमण्डल" शब्दको प्रचलन यथावत नै छ ।

जेहोस् मूलसर्वास्तिवादविनयवस्तुमा "नैवाल" शब्दले देश(ठाउँविशेष)लाई जनाएको छ भने मञ्जुश्रीमूलकल्पमा "नेपालमण्डल" शब्दले लिच्छविराजा मानवेन्द्र (मानदेव)कालीन राज्यलाई जनाउँदछ ।

संदर्भ हेरि मण्डलको धेरै अर्थ लाग्दछ । नेपालमण्डलको सन्दर्भमा भने मूलरुपमा दुईवटा अर्थ लाग्दछ । राज्य सीमाना र धार्मिक सीमाना । धार्मिक सीमानामा पनि नेपालको बौद्धधर्म वा परम्पराको मूल आधारमा "नेपालमण्डल"को सम्भावित अर्थको विवेचना गर्नु यस कार्य पत्रको एक प्रमुख उद्देश्य रहेको छ ।

नेपालको बौद्धधर्म वा परम्परा भन्नाले तिब्वती बौद्ध परम्पराले अत्यधिक प्रभावित नेपालका हिमाली वा पहादि भेगमा देखिने बौद्ध परम्परालाई र नेपालको बौद्ध इतिहासमा झण्डै आधा शताब्दीको नौलो पाना थप्न सफल भएका बौद्ध परम्परा जुन म्यानमार (बर्मा) श्रीलंका, थाइलायण्ड आदि बौद्ध परम्पराले अत्यधिक प्रभावित छन्, यी दुई परम्परालाई छोडेर नेपालको प्राचिन, मध्यकालीन र वर्तमान नेपालको बौद्धधर्म, परम्परा, संस्कार, संस्कृति, कला आदिलाई झल्काउने, प्रतिनिधित्व गर्ने नेपालको शदियौं लामो इतिहास बोकेको नेपालको आफ्नै मौलिकता भएको बौद्धधर्म वा परम्परालाई संझनु पर्दछ ।

---

[7] बद्रिरत्न वज्राचार्य, (अनु।) *स्वयम्भू पुराण,* (काठमाडौं, ने.सं. ११०३), पे. २७
[8] *नेपाल निरुक्त,* पृ.९



copyright©Lotus Research Centre, 2008

नेपाललिपि, नेपालसंवत्, नेपालभाषा आदिले नेपालको मौलिकता र चिनारीलाई जोगाउन जति ठुलो भुमिका निर्वाह गरेको छ, नेपालको बौद्धधर्म वा परम्पराले पनि त्यत्तिकै भूमिका निर्वाह गरेको छ । नेपालको मौलिकपनको सन्दर्भमा नेपालको बौद्धधर्म वा परम्परा एक महत्वपूर्ण अध्याय बन्न पुगेको छ । त्यसकारण जब जब नेपाल, नेपालमण्डल, नेपालसंवत्, नेपाललिपि, नेपालभाषा, नेपालको धर्म-संस्कृति-कला, इतिहास आदिको कुरा हुन्छ तब तब नेपालको बौद्धधर्म वा परम्पराको पनि कुरा गाँसिएर आउनु स्वाभाविकै हो ।

नेपालको बौद्धधर्म वा परम्परा अनुसार बौद्ध आचाय-वज्राचार्यहरु र शाक्यभिक्षुहरु झण्डै अनिवार्यरूपमा नेपाल अधिराज्य भित्रका विशेष २४ स्थान(पीठ)हरुमा क्रमानुसार गएर समाधि-योगको अभ्यास गर्ने गर्दछन् । यसरी समाधि-योग अभ्यास गर्न जानेलाई “पूर्वसेवा” वा “पीठसेवा” जाने भन्ने गर्दछन् । वर्तमान सम्म पनि यो परम्परा कायमै छ। ती २४ वटा विशेष स्थान(पीठ)हरु यस प्रकारका छन् ।

| | | |
|---|---|---|
| १) चन्द्रलखु | – | नारायणहिती राजदरवार भित्रकोपीठ । |
| २) पासिक्वो | – | तीनधारा पाठशालाको पूर्वपट्टि प्रज्ञाप्रतिष्ठानको पछाडिको पीठ । |
| ३) कमलाती | – | कमलादी गणेशस्थानको पीठ । |
| ४) लुमधि | – | टुंडिखेलछेउ भद्रकालीको पीठ । |
| ५) फिवो | – | आरमि हेड क्वाटर संगैको पीठ । |
| ६) पचुलि नैअजिमा | – | पचलिभैरवको पीठ । |
| ७) कंग | – | कंगेश्वरी पीठ । मरुहिती वा ढोकाटोलको बाटो भएर जाने । |
| ८) लुति | – | इन्द्रायणी पीठ । ढल्को भएर जाने । पारिपट्टि शोभाभगवती पर्छ । |
| ९) तनजु | – | फैखा, हरिसिद्धि, स्वयम्भूको पछादि । |
| १०) म्हसपि | – | म्हेपि, नयाँबजार । |
| ११) तोदन | – | नर, तूनालदेवी । |
| १२) कति | – | दांछि, चांगु डांडाको मूनि । |
| १३) मिसिदो | – | भक्तपूरको महाँकाली । |
| १४) सोरुथी | – | शंखमोल, पाटन । |
| १५) जालंधर | – | पांगा, चारखला, चारघर । |
| १६) वखु | – | मच्छेनारयण जाने बाटो । ब: खु ससुमाजु जानेवाटोमा । |
| १७) ग्वखु | – | भिंदुगा, क्षेत्रपाटी, नदीको तीरमा, काठमाडौं र धाडिङ्गको सिमाना । |
| १८) गदेभेरु | – | देवीघाट, त्रिशुलि । |
| १९) तुप्या | – | नवलिंग, (भद्रकाली) बुढानीलकण्ठ जानेवाटोको दायाँपट्टी । |
| २०) सादुकुना | – | सादुकोला, साँखु । |
| २१) समेदा | – | दोलालघाट । |
| २२) ओतीर्थ | – | कोशीक्षेत्र, दुम्जाघाट । |
| २३) त्यांगा | – | वादेत्यांगा, टीकाभैरव । |
| २४) झंग | – | झंगु, कोदुवाल । |

माथि उल्लेखित २४ वटा स्थानहरुलाई तीनवटा चक्रको नाउँमा विभाजन गरिएको छ ।

पहिलो आठवटा (१-८) स्थान(पीठ)हरुलाई पहिलो चक्रमा राखिएको छ । त्यसपछिको आठवटा (९-१६) स्थान(पीठ)हरुलाई दोश्रो चक्रमा राखिएको छ । अन्तिम आठवटा (१७-२४)



copyright©Lotus Research Centre, 2008

स्थान(पीठ)हरु तेश्रो चक्रमा समावेश गरिएको छ । ती तीनैवटा चक्रको केन्द्रविन्दु वर्तमान इन्द्रचोकको कान्तेश्वर क्षेत्रपाललाई मानी आइरहेको छ ।[९]

माथि उल्लेखित ती तीनवटा चक्रमध्ये पहिलो चक्रलाई चित्त चक्र भनिन्छ । दोश्रौं चक्रलाई वाक्चक्र र तेश्रो चक्रलाई कायचक्र भनिन्छ । ती चित्तचक्र, वाक्चक्र र काय चक्रलाई क्रमश: चित्तमण्डल, वाक्मण्डल र कायमण्डल पनि भनिन्छ ।

माथि वर्णन गरिएका जम्मा २४ स्थानहरुलाई तीनवटा चक्रहरु क्रमश: चित्तचक्र, वाक्चक्र, र कायचक्रमा विभाजन गरिएअनुसार एउटा चित्रमा उतारन खोजेमा निम्नलिखित चित्र वा मण्डल निर्माण हुन्छ ।

**नेपालमण्डल**

चित्र नं. १




सर्वप्रथम केन्द्रविन्दु छ । त्यस केन्द्रविन्दुलाई एउटा चक्रले घेरेको छ । त्यो चक्रलाई चित्तचक्र भनिन्छ ।

त्यस चित्तचक्रलाई पनि अर्को एक चक्रले घेरेको छ । त्यो चक्रलाई वाक्चक्र भनिन्छ । अन्तमा त्यस वाक्चक्रलाई पनि एक अर्को अन्तिम चक्रले घेरेको पाइन्छ जुन चक्र कायचक्रको नामले चिनिन्छ ।

केन्द्र बाहेक हरेक चक्रमा आठ-आठवटा स्थान(पीठ) भई दिनाले पुन: निम्नानुसार चित्र वा मण्डल निर्माण गर्न सकिन्छ ।

---

[9] मण्ड:(महायान वज्रयानया मण्डल–बद्रिरत्न वज्राचार्य), वर्ष ५, ने.सं. ११०५, संख्या ४, पृ. १५५-१५७,
(ख) पीठहरुका नामावली फणिन्द्ररत्न वज्राचार्य र बुद्धरत्न वज्राचार्यबाट प्राप्त ।



copyright©Lotus Research Centre, 2008

## <u>नेपालमण्डल</u>

चित्र नं. २




सर्वप्रथम केन्द्रविन्दु कान्तेश्वर क्षेत्रपाल । त्यो केन्द्रविन्दु कान्तेश्वर क्षेत्रपाललाई क्रमश: चन्द्रलखु, पासिक्व, कमलाती, लुमधि, फिवो, पचलि, कंग र लुति पीठले घेरेका छन् । ती आठवटा स्थान(पीठ)हरुको घेरालाई "चित्तचक्र" नाम दिइएको छ ।

त्यस्तै चित्तचक्रलाई पनि क्रमश: तनजु, म्हसपि, तोदन, कति, मिसिदो, सोरुथि, जालंधर र वखु पीठहरुले घेरेका छन् । ती आठवटा स्थान(पीठ)हरुको घेरालाई "वाक्‌चक्र" नाम दिइएको छ ।

त्यस्तै वाक्‌चक्रलाई पनि क्रमश: ग्वखु, गदेभेरु, तुप्या, सादुकुना, समेदा, ओतिर्थ, त्यांगा र भंग स्थान(पीठ)हरुले घेरकाछन् । ती आठवटा स्थान(पीठ)हरुको घेरालाई "कायचक्र" नाम दिइएको छ ।



copyright©Lotus Research Centre, 2008

यसरी नेपालको बौद्धधर्म वा परम्परा अनुसार महत्वपूर्ण २४ स्थान(पीठ) वा चित्तचक्र, वाकचक्र र कायचक्र (त्रिचक्र) ती सबैलाई संगठित रूपमा हेर्ने हो भने एउटा बृहत "मण्डल"को स्वरूप तयार भएको देख्न सकिन्छ । सम्भवत: यसै कारणले नेपालको बौद्धधर्म वा परम्परामा नेपाललाई "नेपालमण्डल" भनिएको हुनुपर्छ । माथि उल्लेखित २४ स्थानहरु मध्ये अन्तिम आठ वटा स्थानहरुले "नेपालमण्डल"को चरम सिमानालाई किटान गरेको देखिन्छ । त्यो "नेपालमण्डल"को सिमानले नेपालमा वज्रयानको तत्कालीन धार्मिक सिमानालाई किटान गरेको छ भन्न सकिन्छ । त्यो धार्मिक सिमाना आफैं पनि तत्कालीन नेपालको राज्य सिमाना भित्र मात्रै सिमित भएको हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ । तर कुन निश्चितसमयमा माथि उल्लेखित २४ स्थानहरुमा सिमित हुने गरि, कोद्वारा "नेपालमण्डल"को निर्माण भएको हो, त्यो सानो तिनो अनुसन्धानबाट दुष्प्राप्य नै होला ।

अब प्रश्न उठ्छ, माथि उल्लेखित २४ स्थानहरु र ती स्थानहरुलाई चित्तचक्र, वाक्चक्र र कायचक्रमा विभाजन गरि नेपाललाई एउटा मण्डलको कल्पना गर्नुका आधार के होला त ?

बौद्धधर्मको एक महत्वपूर्ण सम्प्रदाय "वज्रयान" हो । वज्रयानको ख्याती, लोकप्रियता, व्यापकतालाई बताईरहनु आवश्यक पर्दैन होला । वज्रयानमा मण्डलको एक प्रमुख स्थान छ । मण्डल बिना वज्रयानको शिक्षादिक्षा सम्भव छैन । मण्डल बिना वज्रयानको आधिकारिक ज्ञान असम्भव नै छ भने पनि फरक पर्दैन । वज्रयानमा मण्डलहरुको संख्या तोकेर भन्न पनि कठिनै छ । यसो भन्नुको तात्पर्य हो वज्रयानमा अनगिन्ति मण्डलहरु छन् । ती अनगिन्ति मण्डलहरु मध्ये एक मण्डल चक्रसम्वर मण्डल हो । चक्रसम्वर मण्डलको संक्षिप्त विवरण यस प्रकारको छ ।[१०]

एउटा केन्द्र । केन्द्रको चारदिशामा केन्द्रसंग सम्वन्धित चार कोष्ठ । त्यसको वाहिर आठ दिशामा आठवटा कोष्ठ भएको एक चक्र, जसको नाम चित्तचक्र हो । त्यस चित्तचक्रको बाहिर आठ दिशामा आठ वटा कोष्ठ भएको अर्को एक चक्र, जसलाई वाक्चक्र भनिन्छ । त्यस वाक्चक्रको बाहिर पनि फेरि आठ दिशामा आठ कोष्ठ भएको अर्को एक चक्र, जसलाई कायचक्रको नाम दिइएको छ । त्यसको बाहिर चार द्वार र चार कोणहरु त्यसको बाहिर अष्टश्मशान-क्षेत्रपाल आदि छन् । यसरि तीनवटा चक्र (चित्त, वाक्, कायचक्र) र प्रत्येक चक्रमा आठ-आठवटा कोष्ठको हिसाबले जम्मा २४ वटा कोष्ठहरु छन् ।

चक्रसम्वरमण्डल अनुसार चित्तचक्र, वाक्चक्र र कायचक्र जम्मा २४ वटा कोष्ठहरुको नाम क्रमश: यस प्रकारका छन् :-

**<u>चित्तचक्र</u>**

१) पुल्लिलमलय
२) जालंधर
३) ओंडियान
४) अर्वुद
५) गोडावरी
६) रामेश्वरी

---

[10] Dr. N.M. Bajracharya, *A Critical Edition and a Study of the Srisampurnacakrasamvarasamadhih*, (Ph.D. Thesis, University of Delhi – 1997) pp. 73-83,



copyright©Lotus Research Centre, 2008

७) देवीकोट
८) मालव

**<u>वाक्चक्र</u>**
९) कामरुप
१०) ओढ्र
११) त्रिशकुनी
१२) कोशल
१३) कलिंग
१४) लंपाक
१५) कांची
१६) हिमालय

**<u>कायचक्र</u>**
१७) प्रेतपुरी
१८) गुहदेवता
१९) सौराष्ट्र
२०) सुवर्णद्वीप
२१) नगर
२२) सिंधु
२३) मलु
२४) कुलता

माथि उल्लेखित २४ स्थानहरुलाई पुन: १० विशेष स्थानहरुको नाममा वर्गीकरण गरिएको छ ।

सर्वप्रथम पुल्लिलमलय, जालंधर, ओडियान र अर्वुद यी चार स्थानहरु “पीठ” अन्तर्गत आउंछन् ।

गोडावरी, रामेश्वरी, देवीकोट र मालव यी चार स्थानहरु “उपपीठ” अन्तर्गत आउँछन् ।

कामरुप र ओढ्र यी दुई स्थानहरु “क्षेत्र” अन्तर्गत आउछन् भने त्रिशकुनी र कोशल “उपक्षेत्र” अन्तर्गत आउछन् ।

कलिंग र लंपाक यी दुई “छन्दोह” भित्र पर्दछन् । कांची र हिमालय यी दुई “उपछन्दोह” भित्र पर्दछन् ।

प्रेतपुरी र गुहदेवता “मेलापक” अन्तर्गत आउँछन् भने सौराष्ट्र र सुवर्णद्वीप “उपमेलापक” भित्र आउँछन ।

नगर र सिंधु यी दुई “श्मशान” को वर्गमा राखिएको छ भने मलु र कुलता यी दुइलाई “उपश्मशान” को वर्गमा राखिएको छ ।



copyright©Lotus Research Centre, 2008

उपर्युक्त मण्डलका विवरणलाई चित्रमा उतार्दा निम्नलिखित एक मण्डल निर्माण हुन्छ ।

चित्र नं. ३

**चक्रसम्वरमण्डल**




माथि उल्लेखित नेपालमण्डलको (चित्र नं.२) को बाहिर चारवटा द्वारहरु र चारकोण, त्यसको बाहिर अष्टश्मशान–क्षेत्रपाल आदि कोष्ठ थपिदिएमा "नेपालमण्डल" "चक्रसम्वरमण्डल"को प्रतिलिपि बन्न पुग्दछ ।



copyright©Lotus Research Centre, 2008

# नेपालमण्डल

चित्र नं. ४




नेपालमण्डल र चक्रसम्वरमण्डलमा केन्द्रविन्दु, तीनवटा चक्र र २४ वटा कोष्ठहरु दुरुस्त (identical) हुनाले चक्रसम्वरमण्डलको आधारमा "नेपालमण्डल"को कल्पना भएको पुष्टि हुन आउँछ । "नेपालमण्डल" चक्रसम्वरमण्डलको प्रतीक पनि भन्न सकिन्छ ।

"चक्रसम्वरमण्डल"को आधारमा "नेपालमण्डल"को कल्पना हुनुका अन्य केहि सम्भावित कारणहरु बुंदागत रूपमा भन्नुपर्दा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

क) वज्रयानका वीर-वीरेश्वरी(देवदेवी)हरु मध्ये चक्रसम्वर प्रमुख हुनु ।

ख) नेपालमा वज्राचार्य, शाक्य, उराय(तुलाधरआदि)लाई चक्रसम्वरको अभिषेक लगभग अनिवार्य हुनु ।

ग) प्राचिन नेपालका बौद्ध आचार्यहरुले तिब्बतका बौद्ध शिक्षार्थी(शिष्य)हरुलाई चक्रसम्वरको परम्परा हस्तान्तर भएको तिब्बती इतिहासमा उल्लेख हुनु ।[११]

घ) चक्रसम्वरको दिक्षा लिएर चक्रसम्वरको परम्परा अनुसार माथि उल्लेखित पीठहरुमा पूर्वसेवा जाने परम्परा अद्यापि हुनु ।

ङ) चक्रसम्वरको दिक्षा भएका व्यक्तिहरुमात्र पूर्वसेवा जानपाउनु ।

---

[11] Dr. N.M. Bajracharya, *Buddhism in Nepal,- 465 B.C. to 1199 A.D. ,(Delhi, 1998), pp.71-75.*



copyright©Lotus Research Centre, 2008

च) नेपालको धेरै जसो बौद्ध विहारहरुमा आगमदेवता चक्रसम्वर भएको पाउनु ।
छ) चक्रसम्वर सम्वन्धित तन्त्रहरु प्रचुरमात्रामा नेपालमा उपलब्ध हुनु ।
ज) नेपालमा बौद्धक्रिया(पूजा)मा चक्रसम्वरको त्रिसमाधि क्रिया अनिवार्य हुनु । आदि

उपरोक्त विवरणले नेपालमण्डलको आधारशीला चक्रसम्वरमण्डल एक मात्र परम्परा नै हो भन्न खोजको होइन । केवल यति मात्र होकी "नेपालमण्डल"को आधारशीला विभिन्न वज्रयानसंग सम्वन्धित मण्डलहरु मध्ये चक्रसम्वरमण्डल परम्परा एक हो भन्न खोजेको हो ।

जसरी चक्रसम्वरको मण्डलको आधारमा नेपालमण्डलको कल्पना गरेर पूर्वसेवा जाने परम्परा छ त्यस्तै स्वयम्भू पूराणको आधारमा पनि नेपाललाई एउटा भिन्नै मण्डलको परिकल्पना गरि पूर्वसेवा जाने परम्परा भएको सुन्न पाईन्छ । यस सम्वन्धमा स्मरण योग्य कुरा एउटा यो छ, कि "मञ्जुदेवाचार्यले कापोतल पर्वत छेदन गरिसकेपछि पानी सबै उपत्यका बाहिर वहन थाले । तर पनि उपत्यकामा पानी सुक्न सकेन । सहस्रदलको कमलको फुलको जराबाट पानी उम्रन्दै थिए । त्यो पानीको मूललाई रोक्न मञ्जुदेवाचार्यले "जलस्तम्भनयोग" गरे । त्यो योगको फलस्वरूप त्यो मूलवाट पानीका छित्का वाहिर निस्केर तितरवितर हुनथाले । त्यस समयमा मंजुदेवाचार्यले योगको माध्यमबाट तितरवितर भएको पानीमा श्रीनैरात्मादेवी(हेवज्रनैरात्मा) र अन्य वीर-वीरेश्वरीहरु (वज्रयानकादेवदेवीहरु)को उत्पत्ति र दर्शन प्राप्त गरे ।"[१२] यहाँ श्रीनैरात्मादेवी र अन्य वीर-वीरेश्वरीहरुको अर्थ श्रीहेवज्रनैरात्मा र उहाँको मण्डल(श्रीहेवज्रनैरात्मामण्डल[१३]) भन्न खोजेको हुनुपर्छ । स्वयम्भू पुराणमा नेपालको उत्पत्तिको विवरण साथसाथै श्रीहेवज्रनैरात्माको र अन्य वीर-वीरेश्वरीहरु(श्रीहेवज्रनैरात्मामण्डल) उल्लेख भएबाट नेपालमण्डल र श्रीहेवज्रनैरात्मामण्डलको पारस्परिक सम्वन्ध हुन सक्ने अनुमान गर्न सकिन्छ । यसै सन्दर्भमा श्रीहेवज्रनैरात्मामण्डलको आधारमा पनि नेपालमण्डलको परिकल्पना गरि पूर्वसेवा जाने परम्परा हुन सक्ने अनुमान गर्न सकिन्छ ।

स्वयम्भूपुराणको विवरण अनुसार मञ्जुदेवाचार्यवाट श्रीहेवज्रनैरात्मा र कालान्तरमा शान्तीकराचार्यवाट शान्तिपुर स्थापना भएको घटना पढ्न पाइन्छ । शान्तीकराचार्यवाट निर्मित शान्तिपुरमा मूलदेवता "महासम्वर" हो भन्ने परम्परागत विश्वास छ । "महासम्वर भन्नासाथ "महासम्वरमण्डल" पनि संगसगै आउनु स्वभाविक छ । यसै सन्दर्भमा महासम्वरमण्डल परम्परा अनुसाार पनि नेपालमण्डलको परिकल्पना हुन सक्ने धेरै संभावनालाई नकार्न सकिन्न ।

स्वयम्भू पुराणमा उल्लेख भएअनुसार नेपालमा मञ्जुदेवाचार्यले विक्रमशील महाविहारका आचार्य धर्मश्रीमित्रलाई धर्मधातुवागीश्वरको मण्डल लेखी, मण्डल दर्शन दिई अभिषेक दिई द्वादशाक्षरको गुह्यार्थ वाह्यार्थ बताएपछि स्वयम्भूज्योति धर्मधातु वागीश्वर चैत्यको नामले प्रसिद्ध भए भन्ने कुरा पनि स्मरणीय छ । धर्मधातु वागीश्वर चैत्यको मूल आधार धर्मधातुमण्डल हो ।[१४]

---

[12] *स्वयम्भू पुराण* पे. ३२,
[13] See. *Nairatmamandalam,*
Bhattacharyya B. (ed.), *Nispannayogavali,* (Baroda, 1972) pp. 16-17,
[14] See *Dharmadhatumandalam, Nispannayogavali,* pp. 54-65.



copyright©Lotus Research Centre, 2008

वास्तविक कुरा के हो भने एक कुशल आचार्य(वज्राचार्य)ले वज्रयानमा जति मण्डलहरु छन ती मध्ये धेरै जसो मण्डलहरुको छुट्टाछुट्टै आधारमा “नेपालमण्डल”को परिकल्पना गर्न सक्दछ, ती मण्डलसंग “नेपालमण्डल” मिलाउन सक्दछ ।

“नेपालमण्डल” भित्र पनि “ललितपुरमण्डल”, “भक्तपुरमण्डल”, “मध्यपुरमण्डल (थिमि)”का परिकल्पना गरिएको छ । वज्राचार्य तथा शाक्यहरु ललितपुर(देश)को छुट्टै आठवटा स्थान(पीठ)हरुमा मात्रै पनि पूर्वसेवा(पीठसेवा) जाने परम्परा छ । ती आठवटा स्थान(पीठ)हरुको एक चक्रलाई चित्तचक्र भनिन्छ । त्यो चित्तचक्र, चक्रसम्वरमण्डलको चित्तचक्रसंग तुलनीय छ ।

ललितपुरमा झैं भक्तपुरमण्डल(देश)को छुट्टै आठवटा स्थानहरु(पीठ)हरुमा पनि पूर्वसेवा(पीठसेवा) जाने परम्परा अद्यापि छँदै छ । ती आठवटा स्थानको एकचक्र जसलाई चित्तचक्र भनिन्छ त्यो पनि चक्रसम्वरमण्डलको चित्तचक्रसंग तुलनीय छ । ललितपुर र भक्तपुरमा मात्रै होइन मध्यपुरमण्डल(थिमि) मा पनि आठवटा स्थान(पीठ)हरुको एक चक्र-चित्तचक्रमा पूर्वसेवा(पीठसेवा) जाने परम्परा जीवितै छ । त्यस्तै कीर्तिपुरमण्डलको परिकल्पना भएको पनि हुनसक्ने देखिन्छ ।

बोधिसत्वचर्यामा प्रयत्नरत वज्राचार्यले जहाँ जहाँ नयाँ ठाउँमा प्रवेश गर्छ त्यहाँ त्यहाँ आठवटा स्थानको एकचक्रको हिसाबले कम्तीमा पनि एकचक्रको निर्माणगरि फेरि वज्रधातुमण्डल अनुसार बौद्धविहार निर्माण गरि संघको सृजना गरि बोद्धधर्मको प्रचारमा लागीरहेका हुन्छन् ।



copyright©Lotus Research Centre, 2008

ललितपुरमण्डल,[१५]: भक्तपुरमण्डल[१६] र मध्यपुरमण्डल(थिमि)[१७]का आठआठवटा स्थानहरु यस प्रकारका छन् :-

**<u>ललितपुर मण्डल</u>- चित्तचक्र**
१. नख पीठ - बुंगमति जाने वाटोमा ।
२. वालकुमारी ।
३. येप्पा - वुंगमति जाने वाटोमा ।
४. पाटनबाट चोभार जाने बाटोमा - माछापोखरी संगै ।
५. धंतिल - भौचाखुसि अगाडि ।
६. जावलाखेलबाट यबुलँ भएर जाने ।
७. सीकुवि - पाटनबाट वागमति जाने बाटोमा ।
८. महालक्ष्मी - लगनखेल ।

**<u>भक्तपुर मण्डल</u>- चित्तचक्र**
०. केन्द्र - भैरव-त:मधिटोल ।
१. ब्रह्मायणी - ब्रह्मकुण्डसंगै-सूर्यमधिबाट माथि ।
२. माहेश्वरी - वचूटोलबाट तल ।
३. कौमारी - यसिंख्यलमा ।
४. वैष्णवी - वंशगोपाल बाटोबाट उत्तर ।
६. इन्द्रायणी - खमाबाट तल ।
७. चामुण्डा - महाकालीस्थान, व्यासी संगै ।
८. महालक्ष्मी - थालछें टोल ।

**<u>मध्यपुर (थिमि) मण्डल</u>-**
१. ब्रह्मायणी - परसिकुटोल ।
२. माहेश्वरी - जंलाटोल ।
३. कौमारी - चपिगल ।
४. वैष्णवी - सुंगाटोल ।
५. इन्द्रायणी - स्युचाकोटोल ।
६. वारही - क्वाछेंटोल ।
७. चामुण्डा - इनाकोटोल ।
८. महालक्ष्मी - चोडेटोल ।

यहाँ सम्म वज्रयानका मण्डलहरु मध्ये विशेष गरेर चक्रसम्वरमण्डलको दृष्टिकोणले "नेपालमण्डल"को वर्णन गर्ने प्रयास गरियो । अब उप्रान्त बौद्ध परम्परा अनुसार "पृथ्वीमण्डल"को दृष्टिकोणले संक्षेपमा मात्रै "नेपालमण्डल"लाई प्रस्तुत गर्ने प्रयास गरिन्छ ।

बौद्ध परम्परा अनुसार यो विश्वमा चार महाद्वीप र चार उपद्वीपहरु छन् । ती चार महाद्वीपहरुका नाम यस प्रकारका छन् :-

१) पूर्वविदेहद्वीप - पूर्व दिशामा

---
[15] पीठहरुका नामावली भुवन वज्राचार्यबाट प्राप्त।
[16] पीठहरुका नामावली ज्ञानरत्न र हिराचन्द्र वज्राचार्यबाट प्राप्त ।
[17] पीठहरुका नामावली मञ्जुवज्र वज्राचार्यबाट प्राप्त ।



copyright©Lotus Research Centre, 2008

२) जम्बूद्वीप – दक्षिण दिशामा
३) अपरगोडावरी(गोडायनी) – पश्चिम दिशामा
४) उत्तरकुरु – उत्तर दिशामा

त्यस्तै चार उपद्वीपहरुका नाम यस प्रकारका छन् ।

१) याउपद्वीप – अग्नय दिशामा
२) राउपद्वीप – नैऋत्यदिशामा
३) लाउपद्वीप – वायुव्यदिशामा
४) वाउपद्वीप – ईशानदिशामा

उपरोक्त चार महाद्वीप र चार उपद्वीपका आधारमा पृथ्वीमण्डलको चित्र(नक्सा) यसरी कोर्न सकिन्छ ।

चित्र नं. ५






copyright©Lotus Research Centre, 2008

उपरोक्त चार महाद्वीपमध्ये जम्बुद्वीप एक महत्वपूर्ण द्वीप हो ।[१८] बौद्धतन्त्र अनुसार जम्बुद्वीपलाई पीठ, उपपीठ, क्षेत्र, उपक्षेत्र, छन्दोह, उपछन्दोह, मेलापक, उपमेलापक, श्मशान र उपश्मशानको भेदले यी दशवटा खण्ड(पीठ)हरुमा विभाजन गरिएको छ ।[१९]

**पीठ**लाई फेरी पुल्लिलमलय, जालधंर, ओडियान र अर्वुद यी चार खण्डहरुमा बाँडिएको छ भने **उपपीठ**लाई गोडावरी, रामेश्वरी, देवीकोट र मालव यी चार खण्डहरुमा बाँडिएको छ ।

**क्षेत्र**लाई कामरुप र ओद्र यी दुई खण्डहरुमा विभाजन गरिएको छ भने **उपक्षेत्र**लाई त्रिशकूनी र कोशल यी दुई खण्डहरुमा विभाजन गरिएको छ ।

**छन्दोह**लाई कलिंग र लंपाक यी दुई खण्डहरुमा विभाजन गरिएको छ भने **उपछन्दोह**लाई कांची र हिमालय यी दुई खण्डहरुमा विभाजन गरिएको छ ।

**मेलापक**लाई प्रेतपुरी र गुहदेवता यी दुई खण्डहरुमा वर्गीकरण गरिएको छ भने **उपमेलापक**लाई सौराष्ट्र र सुवर्णद्वीप यी दुई खण्डहरुमा वर्गीकरण गरिएको छ ।

**श्मशान**लाई नगर र सिंधु यी दुई खण्डहरुमा विभक्त गरिएको छ भने **उपश्मशान**लाई मलु र कुलटा यी दुई खण्डहरुमा विभक्त गरिएको छ ।

यसरी सर्वप्रथम पृथ्वीमण्डललाई चार महाद्वीप र चार उपद्वीपमा विभाजन गरिएको छ र जम्बुद्वीप(महाद्वीप)लाई फेरि १० स्थान(पीठ उपपीठआदि)हरुमा विभाजन गरियो र ती दश खण्डहरुलाई पनि पुन: २४ खण्डहरुमा विभाजन गरियो । अन्तत: जम्बुद्वीपलाई पनि एउटा मण्डलको रुपमा चित्रमा उतार्न सकिन्छ ।

---

[18] बौद्ध परम्परामा चार महाद्वीप र चार उपद्वीप आदिको विषयको लागि बौद्ध परम्परामा रत्नमण्डल विषयसंग सम्वन्धित कुनै पनि सामाग्रि तथा पुस्तक हेर्न सकिन्छ ।

[19] सम्वरोदयतन्त्र नवमपटल ।



copyright©Lotus Research Centre, 2008

चित्र नं. ६

**जम्बुद्वीप**




उपछन्दोह अन्तर्गत हिमालयको काखमा नेपाल अवस्थित छ । त्यो नेपाललाई पनि फेरि ३ वटा चक्र(काय, वाक, चित्तचक्र) र २४ स्थानहरुमा विभाजन गरि नेपालमण्डलको परिकल्पना गरिएको देखिन्छ ।



copyright©Lotus Research Centre, 2008

**उपछन्दोह–हिमालय**
**नेपालमण्डल**
(२४ पीठहरुका सहित)

चित्र नं. ७




अन्तमा "वज्राचार्य प्रवेश" विषयमा अध्ययन तथा अनुसन्धान हुन सकेमा नेपालको बौद्धधर्म वा परम्परामा "नेपालमण्डल" अझ वढि स्पष्ट हुन सक्नेछ ।

समाप्त



copyright©Lotus Research Centre, 2008